# स्थानीय राजपत्र

## कैलारी गाउँपालिद्वारा प्रकाशित

खण्ड : १ संख्या : १ मिति : २०८२/१२/२५

भाग - १

सुदूरपश्चिम प्रदेश, कैलारी गाउँपालिका, हसुलिया, कैलाली

## थारु सांस्कृतिक र पर्यटकीय प्रवर्द्धन ऐन, २०८२

प्रमाणिकरण मितिः२०८२/१२/२५

**प्रस्तावना:**

नेपालको संविधान २०७२ को धारा ३, १८, २६, ३२, ४२, ५१, ५६ (५) (६), स्थानीय तहको अधिकार, अनुसूची- ८ रसंघ, प्रदेश र स्थानीय तहको अधिकार अनुसूची-९, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९ र ११, वातारण संरक्षण ऐन २०७६,आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८, सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन, २०६४, राष्ट्रिय संस्कृति नीति, २०६७ प्रचलित नेपाल कानूनहरु प्रदत्त अधिकारको कार्यान्वयन गर्दै, नेपाल सरकारले अनुमोदन गरी आफू पक्ष राष्ट्र रहेको आदिवासी तथा जनजाति सम्वन्धी महासन्धि Indigenous and Tribal Peoples Convention, (1989) अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को महासन्धि नं १६९, आदिवासी तथा जनजातिहरुको अधिकार सम्वन्धी संयुक्त राष्ट्रसंघीय घोपणापत्र United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) २००७, महिला विरुद्धका सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, Convention on the Elimination of All Forms of Discrimination against Women(CEDAW)१९७९, आदिवासी महिला र किशोरीहरुको अधिकारका लागि CEDAW को आधारभूत सिफारिस नम्बर ३९, जैविक विविधता सम्वन्धी महासन्धि (CBD)१९९२ लगायतका अन्तर्राष्ट्रियप्रतिवद्धताको कार्यान्वयन गर्दै, सर्वोच्च अदालतबाट मिति २०८० माघ २५ गते नेपाल सरकार संघ तथा प्रदेश तहका कार्यापालिकीय एवम् स्थानीय निकायको नाममा जारी भएको निर्देशनात्मक



राज समभ्र चौधरी
गा.पा. अध्यक्ष

आदेश(०७४–WO–००५३) को पालना गर्दै, थारु समुदायकामौलिक विपयहरुमा स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी (FPIC)को सम्पूर्ण विधि र प्रकृया पूरा गर्नबरघर/भलमन्सा र थारु कल्याण कारिणी सभाहरुसग मन्जुरी लिदै, कैलारी गाउँपालिकामा बसोवास गर्ने थारु समुदायका पहिचान, ऐतिहासिकनिरन्तरता, प्रथा एवं प्रथाजनित कानूनहरुलाई मान्यता दिदैं, परम्परागत भूमि तथा प्राकृतिक स्रोतसाधन (जल, जंगल, जमिन, जडीबुटी, खानी, नदी, ताल, पोखरी)माथिको सामूहिक स्वामित्व, नियन्त्रण र व्यवस्थापनको अधिकार सुनिश्चित गर्दै, थारुभाषा, धर्म, सभ्यता, संस्कृति,सांस्कृतिक सम्पदा (मूर्त र अमूर्त), पर्यटन, परम्परागत ज्ञान, जीवनशैली, दर्शन,सिप, कला, ललितकला, मूर्तिकला, वस्तुकला, नाटयकला,हस्तकला, गीत, संगीत, नृत्य, कथ्य, उत्कीहरु बाजागाजा, पहिरन (भेषभुषा), गरगहना, चाडपर्व, सामूहिक पूजा, परम्परागत संस्था,मौलिकता, सामाजिकसंरचनाको संवर्धन प्रवर्धन दिगो विकासका लागि पुस्तान्तरण, सामाजिक न्याय, वातावरणीय सन्तुलन जलवायू न्याय, भावी पुस्ताको हितलाई सुनिश्चित गर्दै, समुदायमा आधारित दिगो अर्थतन्त्रको विकास, स्थानीय रोजगार पर्यावरणीय तथा सांस्कृतिक पर्यटन प्रवर्धन मार्फत थारु समुदायका सांस्कृतिक, पर्यटकीय रआर्थिक संवृद्धिको विकास गरी समावेशी सिद्धान्त अनुसार (थारु अग्रज, बुद्धिजीवी, महिला, यूवा)को समान सहभागिता, प्रतिनिधित्व गराउदै, लैंगिक समानता, उत्तरदायित्व, पारदर्शिता, भ्रष्टचारमुक्त समाज,जनमुखी प्रशासनको प्रत्याभूति गराउदै, यस कैलारी गाउँपालिकालाई थारु सांस्कृतिकपर्यटकीय क्षेत्र ऐन जारी गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९ को उपदफा ३ र दफा १०२ को अधिनमा रहि कैलारी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागू गरिएको छ।

## परिच्छेद १

### प्रारम्भिक

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१)यो ऐनकोनाम कैलारी गाउँपीलकालाई थारु सांस्कृतिकर पर्यटकीय प्रवर्द्धन ऐन २०८२ हुनेछ।

(२) यो ऐन गाउँसभाबाट पारित भई स्थानीय राजपत्रमा जारी भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा** : यस ऐनविपय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) गाउँपालिका भन्नाले: यस कैलारी गाउँपालिकालाई जनाउनेछ।

(ख) थारु समुदाय भन्नाले:आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को अनुसूचीमा समावेश रहेका, यस गाउँपालिकाभित्र परापूर्वकालदेखी बसोवास गर्दै आएका तराईका भूमि सन्तान थारुलाई बुझ्नु पर्दछ।

(ग) वरघर/भलमन्सा भन्नाले : थारु समुदायमा परापूर्वकालदेखि सञ्चालन हुदै आएको मौलिक प्रथाजनित संस्था वरघर/भलमन्सा प्रणालीको सामुहिक रुपमा नेतृत्व गर्ने अगुवाहरुलाई बुझ्नु पर्छ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

(घ) सांस्कृतिक र पर्यटकीय प्रवर्द्धन भन्नाले : थारु समुदायका पहिचान, बसोबास क्षेत्र, भाषा, जीवनशैली, जीवन पद्धति, संस्कृति, आध्यत्मिकता ज्ञान, सिप, कला, ललितकला, हस्तकला, वास्तुकला, कथा, पहिरन, खानपिन, गरगहना, प्रागैतिहासिक, परम्परा, मेला, जात्रा, भौतिक तथा अभौतिक अवयवहरु लगायतलाई पर्यटकहरुको आकर्षण विपयहरु बनाई प्रवर्द्धन गर्ने गराउने कार्यहरुलाई जनाउनेछ ।

(ङ) संविधान भन्नाले नेपालको संविधान २०७२ लाई जनाउने छ ।

(च) स्थानीय सरकार सञ्चालन ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई बुझ्नु पर्छ ।

(छ) सांस्कृतिक र पर्यटकीय क्षेत्र भन्नाले कैलारी गाउँपालिकाभित्र थारु सांस्कृतिक र पर्यटकीय क्षेत्रको चारकिल्लालाई जनाउने छ ।

ज) सन्धि महासन्धि भन्नालेनेपाल सरकार आफू पक्ष राष्ट्र भई अनुमोदन, सहमति तथा समर्थन जनाई स्वीकृत गरिएका सन्धि महासन्धिहरुलाई जनाउने छ ।

झ) समिति भन्नाले यसै ऐनको दफा ६वमोजिम गठित व्यवस्थापन समितिलाई जनाउने छ ।

ञ) आई.एल.ओ.(ILO) महासन्धि नं. १६९ भन्नाले आदिवासी तथा जनजातिहरुको अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९लाई बुझ्नु पर्छ ।

ट) UNDRIP भन्नाले United Nations Declaration on the Right of Indigenous Peopleआदिवासी जनजातिहरुको अधिकार सम्वन्धी संयुक्त राष्ट्रसघीय घोपणापत्र २००७ लाई बुझ्नु पर्छ ।

ठ) सामूहिक नियन्त्रण तथा व्यवस्थापन भन्नाले: थारु समुदायकाजीवनशैली, मौलिक पद्धतिसंग सम्वन्ध राख्ने परम्परा, भाषा, सामाजिक संरचना, रीतिथिती, वरघर/भलमन्सा, भूमि प्राकृतिक स्रोत, साधनमा अर्थपूर्ण सहभागिता, प्रतिनिधित्व, व्यवस्थापन तथा लाभको बाँडफाँडको विपयहरुमा निर्णय गर्ने प्रक्रिया समेत बुझ्नु पर्दछ ।

ड) थारु समुदायकासंस्कृति भन्नाले कैलारी गाउँपालिकाभित्र परापूर्वकालदेखि बसोवास गरेका थारु समूदायका आफ्नो पृथक सामाजिक जीवन, भाषा, धर्म, इतिहास, कला, साहित्य, थारुपुर्खाले सिर्जना गरेका भौतिक र अभौतिक सम्पदाहरू र त्यस अनुरूपको जीवन पद्धतिको समष्टिगत रूपलाई बुझ्नु पर्नेछ ।

ढ) स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरीको सहमति (FPIC) भन्नाले थारु समुदायका आफ्नो मौलिक विपयहरुमा उनीहरुसंग सहमति लिने वैधानिक प्रक्रियालाई बुझ्नु पर्दछ ।

ण) सम्पदा भन्नाले यस गाँउपालिकाभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, अध्यात्मिक, सौन्दर्यपरक सम्पत्ति, स्रोतसाधन, मुल्यवान वस्तुहरु, मूर्त अमूर्त अवयवहरुको समष्टिलाई बुझ्नु पर्दछ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

त) जैविक विविधता (CBD) भन्नाले परिस्थितिकीय प्रणाली (ईकोसिप्टम) को प्रजातीय तथा वंशाणुगत विविधता जेनेटीक वा जीवित प्राणी र वनस्पतिबीचका भिन्नता, किसिम, एवं फरकपनलाई सम्झिनु पर्दछ ।

थ) सांस्कृतिकपर्यटकीय क्षेत्र भन्नाले कैलारी गाउँपालिकाको चारकिल्लाभित्रको सांस्कृतिक र पर्यटकीय क्षेत्रलाई सम्झनु पर्दछ ।

द) यस ऐनको प्रस्तावनामा उल्लेख भएका शब्द र वाक्यहरुको अक्षरस कार्यान्वयन गरिनेछ ।

ध) अनुसूची भन्नाले यस ऐनको अन्तिम खण्डमा राखिएको अनुसूचीहरुलाई बुझ्नु पर्दछ ।

## परिच्छेद २

## सांस्कृतिकर पर्यटकीय क्षेत्रको संख्या, सिमाना, केन्द्र तथा उद्देश्यहरु :

**३ सांस्कृतिक र पर्यटकीय क्षेत्रको घोषणा:**

(१) कैलारी गाउपालिको चारकिल्लाभित्रका भौगोलिक क्षेत्र, थारु समुदायका ऐतिहासिक, पुरातात्विक स्थलहरु, वस्ती, जीवनशैली, सांस्कृतिक स्थल, परम्परा, कृषि, वन जंगल, नदी, ताल, पोखरी, धार्मिक मठ मन्दिरहरु, तथा सामजिक, आर्थिक, सांस्कृतिक, भाषिक, धार्मिक, प्राकृतिक रुपले महत्वपूर्ण मानिएका क्षेत्रहरुलाई थारुसमुदायका सांस्कृतिक र पर्यटकीय क्षेत्रहरुहुनेछ ।

(२) सांस्कृतिकर पर्यटकीय क्षेत्रहरुको सिमाना वडाहरु र बस्तीहरुको विवरण अनुसूचि १मा उल्लेख भए बमोजिम हुनेछ ।

**४. उद्देश्यहरु :**

(क) थारु समुदायको आत्मसम्मान, स्वतन्त्रता, समानता,मौलिक पहिचान, संस्कृति, परम्परा, भाषा, कला र जीवनशैली, भूमि, ईतिहास, संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न आत्मनिर्णितअधिकार सहितको विकास गर्ने ।

(ख) परापूर्वकालदेखी थारु समदायले अभ्यास गर्दै बरघर/भलमन्सा प्रणालीलाई अधिकार सम्पन्न बनाउने।

(ग) थारु सांस्कृतिक र पर्यटकीय क्षेत्रहरुलाई पर्यटकहरुका निम्ति आकर्षणकोकेन्द्रहरुबनाउन भौतिक संरचनाहरु निर्माण गर्ने ।

(घ) गाउँपालिकालाई थारु समुदायमा आधारित सांस्कृतिक र पर्यटकिय क्षेत्रको दिगो विकासका माध्यमवाट आर्थिक विकासमा टेवा पुर्‍याउने ।

ङ) गाँउपालिका क्षेत्रभित्रवसोवासगर्नेथारु समुदायकाभौतिक अभौतिक तथा विविध विषयहरुको वारेमा खोज, अध्ययन र अनुसन्धान गरी ती प्रतिवेदनहरु प्रकाशन गर्ने ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(च) थारु र स्थानीय जनताको आयआर्जन वृद्धि गरी जीवन सुधार गर्दै दिगो पर्यटन (Sustainable Tourism) को विकास र व्यवस्थापन गर्ने ।

(छ) थारु समुदायको सांस्कृतिक सम्पदा, ज्ञान, सिप, कला,बुद्धि , विवेक, प्रविधि, उपाय आदि वारेमा युवापुस्तालाई संरक्षण र व्यवस्थापनमा आकर्षित गर्दै भावी पुस्तालाई हस्तान्तरण गर्ने ।

ज) सांस्कृतिक माध्यमवाट गाँउपालिकाको पर्यटन उद्योगमा टेवा पुऱ्याइ समाजमा रोजगारी र आयआर्जनका अवसरहरू सिर्जना गर्ने ।

(झ) थारु समुदायका मौलिक पहिचानका विषयहरुलाई समेट्ने गरी सांस्कृतिक केन्द्रहरु र थारु संग्रहालयस्थापना गरी संरक्षण र प्रवर्द्धन गदै निजी क्षेत्र सहकारी र समुदाय बीच सहकार्य बढाउने ।

ञ) थारु समुदायकासांस्कृतिक, आर्थिक, विकासकोसाथ थारु बसोबास क्षेत्रमा वसोबास गर्दै आएका अन्य समुदाय, अल्पसंख्यक जाति, गैरआदीवासी समुदायको हक अधिकारलाई पनि सम्मान गर्दैसामाजिक सद्भाव कायम राख्ने ।

ट) पर्यटन पूर्वाधारको विकास गरी अन्तरिक तथा बाहय पर्यटकहरुलाई आकर्षित गरी गाउँपालिकालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन नेपाल राष्ट्रले अनुमोदन गरी पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरुको प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

ठ) यस ऐनको व्यवस्थापन समितिमा थारु समुदायको परम्परागत संस्था वरघर/भलमन्सा,थारु कल्याणकारिणीसभा, थारु विषयविज्ञ, थारु महिला, युवा एवं लैगिक समानताका आधारमा प्रतिनिधित्व सुनिश्चित हुनेछ ।

ड) यस ऐनको मर्म र भावना अनुरुप आवश्यक रहने कार्यविधि, नीति नियम, निर्देशिका साथै गुरुयोजनाहरुकोनिर्माण गरी थारु सांस्कृतिक र पर्यटकीय क्षेत्रहरुलाई वलियो बनाउने ।

## परिच्छेद ३

## थारु सांस्कृतिक र पर्यटकीय प्रवर्द्धन सम्वन्धी कार्यहरु :

**५. थारु सांस्कृतिक व्यवस्थापन**

१. थारु समुदाय पहिचान, संस्कृतिको संरक्षण प्रवर्द्धन गर्ने

२. थारु सांस्कृतिक संग्रहालय, थारु सांस्कृतिक केन्द्रहरु स्थापना गर्ने ।

३. स्थानीय कलाकार तथा सांस्कृतिक समूहलाई प्रोत्साहन तथा सहयोग गर्ने ।

४. पर्यटकीय (Homestay) कार्यक्रम सञ्चालन तथा प्रवर्द्धन गर्ने ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

५. पर्यटकलाई आवश्यक सूचना केन्द्र (Information Center) स्थापना गर्ने ।

६. पूर्वाधार विकास लागि सडक, खानेपानी, शौचालय, बासस्थान, सांस्कृतिक धरोहरजस्ता आधारभूत संरचना विकास गर्ने ।

७. पर्यटकीय क्षेत्रहरुमा सरसफाई तथा हरियाली व्यवस्थापन गर्ने ।

८. डिजिटल प्रवर्द्धन (Website, Social Media)मार्फत प्रचार गर्ने ।

९. क्षमता विकास तथा तालिम, थारु समुदायलाई पर्यटन, आतिथ्य सेवा (Hospitality) सम्बन्धी तालिम दिने ।

१०. उद्यमशीलता विकासका कार्यक्रमम सञ्चालन गर्ने ।

११. लगानी आकर्षित गर्ने नीति तथा कार्यक्रम ल्याउने ।

१२. थारु संस्कृति र कैलारी गाउँपालिकाको ब्रान्डिङ गर्ने ।

१३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार अभियान सञ्चालन गर्ने ।

## ६. तालतलैया तथा धार्मिकस्थल व्यवस्थापन

१) गाँउपालिकाका विभिन्न भागमा रहेको नदी, किनारा,घाट,तालतलैया,जंगलमारहेका धार्मिकस्थलहरूको सर्वेक्षण गरी परिचय खुलाई विवरण तयार गरिनेछ ।

२) धार्मिकस्थलर सांस्कृतिक महत्वका स्थलहरूको परिचयात्मक विवरणको प्रचारप्रसार र जनचेतना अभिवृद्धिका माध्यमद्वारा सांस्कृतिक पर्यटनको विकासमा टेवा पुऱ्याइनेछ ।

३) थारु संस्कृति, भाषा, लोकनृत्य, गीत, परम्परागत ज्ञानहरुको अभिलेखीकरण(Documentation) गर्ने ।

४) थारु सांस्कृतिक संग्रहालय, सांस्कृतिक केन्द्रहरु स्थापना गर्ने ।

५) तालतलैया तथा धार्मिकस्थल व्यवस्थापन सम्वन्धी अनुसुची २ मा उल्लेख भए बमोजिम हुने छ ।

## ७ . थारु समुदायकारितिरिवाज र चाडपर्व

१) थारु समुदायका महत्वपूर्ण चाड माघी, उत्सव, जितीया पर्वहरुको संरक्षण र व्यवस्थापन गर्ने ।

२. थारु समूदायका लोक रिर्तिरिवाज र चाडपर्वहरूको विस्तृत अध्ययन गरी तिनीहरूको विवरण सहितको सूची तयार गरिनेछ ।

२) थारुरिर्तिरिवाज र चाडपर्वलाई संरक्षण गरिनेछ ।

३) थारु समुदायको पहिचान, संस्कृति, भाषा, परम्परा, रिर्तिरिवाज मूल्य र मान्यता चाडपर्वहरुको ज्ञान, सिप आदिको वारेमा भावी पुस्तालाई पुस्तान्तरण गर्ने ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

४) थारु मातृभाषाको आधारभूततहका शैक्षिक पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था गरिनेछ ।

५) थारु समुदायका रितिरिवाज र चाडपर्व सम्बन्धी अनुसुची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ८. थारु भाषा

१) थारु समुदायका भाषा, लिपि, इतिहासको संरक्षण गरिनेछ।

२) थारु समुदायका मौलिक विषयहरुको खोज,अध्ययन,अनुसन्धान गरी त्यसको संरक्षण र व्यवस्थापन गर्ने।

३) थारु मातृभाषालाई शिक्षा, आम सञ्चार एवं प्रशासनिक क्षेत्रमा प्रयोग गर्ने गराउने।

४) थारु समुदायको भाषाको लोकगीत, बट्कोही, खिस्सा, गाउँखाने कथा, उखान टुक्का, परम्परागत भजन लगायतका लोक साहित्यका विभिन्न विधाहरूको सर्वेक्षण, संकलन र अध्ययन गरिनेछ ।

५) सर्वेक्षण र अध्ययनबाट प्राप्त विवरणहरूलाई प्रकाशन गरी विभिन्न माध्यमबाट प्रवाह गरिनेछ ।

६) साहित्य एवं लोक वार्ताका विज्ञ र संवाहकहरूको पहिचान गरी सूचीकृत गरिनेछ ।

## ९. परम्परागत लोककला

१) थारुपरम्परागत भौतिक लोककला एवं शिल्पकलाको सर्वेक्षण र अध्ययन गरी त्यस्ता कलाहरू उत्पादन गर्ने परम्परागत सीप र प्रविधिहरूको अभिलेखीकरण थरी संरक्षणको व्यवस्था मिलाइनेछ ।

२) थारुसमुदायको परम्परागत सीप एवं प्रविधिलाई आधुनिक प्रविधिबाट विस्थापित हुन नदिइ जगेर्ना गर्ने ।

३) परम्परागत भौतिक लोककला एवं शिल्पकलाका विभिन्न वस्तुहरू उत्पादन गर्न आवश्यक कच्चापदार्थहरू सुलभ तरिकाले उपलब्ध गराउने र संग्रहालयको स्थापना र संचालनमा प्रोत्साहन गर्ने प्रयास गर्ने ।

४) परम्परागत भौतिकथारु लोककलाहरूको माध्यमबाट आन्तरिक एवं वैदेशिक पर्यटकहरूलाई आकर्षित गरी पर्यटन व्यवसायमा टेवा पुऱ्याउने ।

५) परम्परागत लोककलासम्वन्धी अनुसुची ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## १०. प्रदर्शनकारी कला

१)थारु लोककलाहरू र त्यस्ता कला प्रदर्शन गर्ने परम्परागत ठाउँ (डवली, चोक आदि), वाद्यवादन सामग्रीहरू, प्रदर्शनका समयमा प्रयोग गरिने वस्त्र-आभूषण समेतका बारेमा अध्ययन गरी तिनीहरूको विवरण तयार गर्ने ।

२) प्रदर्शनकारी लोककलाहरू प्रस्तुत गर्ने परम्परागत सीप र साधन अर्को पुस्तामा हस्तान्तरण गर्ने ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

३) थारु परम्परा अक्षुम्ण राख्न उपउयूक्त उपायहरू अवलम्वन गर्न र तत्सम्बन्धी सामाग्रीहरू प्रदर्शनका लागि संग्रहालय स्थापना गर्ने ।

४) सम्बन्धित निकायले विभिन्न विधागत थारु विशेपज्ञ एवं संवाहकहरू संलग्न सल्लाहकार समितिको सुझावमा नवप्रतिभालाई प्रोत्साहन गर्दै थारु लोक प्रदर्शनकारी कला, संगीत, नाट्यकला लगायतसांस्कृतिक पक्षको अध्ययन,अनुसन्धान र संरक्षण गर्ने ।

५) प्रदर्शनकारी कला सम्बन्धी अनुसुची ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ११. अभिलेख संरक्षण

१) परराष्ट्र मन्त्रालय, गुठी संस्थान, मालपोत कार्यालय जस्ता विभिन्न निकायहरूका संग्रहमा रहेका ऐतिहासिक महत्वका कागजातहरू पालिकाको अभिलेखालयमा एकीकृत गरी उचित संरक्षण र व्यवस्थापन गर्ने ।

२) सरकारी निकायहरूले सिर्जना गरेका, २५ वर्प नाघेका राष्ट्रिय महत्वका कागजातहरूको आवश्यक संरक्षण गरी सुरक्षित राख्ने व्यवस्था मिलाउने ।

३) थारु समुदायको अभिलेख, हस्तलिखितग्रन्थ एवं कागजातहरूको संकलन गरी पालिका स्तरीय थारु संग्राहलयमा आधुनिक विधिहरूबाट संरक्षण गर्ने।

४) अभिलेख संरक्षण सम्वन्धी अनुसुचि ६ मा उल्लेख भए बमोजिम हुने छ ।

## १२. पुरातात्विक संरक्षण

१) पुरातात्विक सर्वेक्षण र अन्वेपणका कार्यक्रमहरू बनाइ योजनाबद्ध रूपमा संचालन गरिनेछ ।

२) पहिचान भएका पुरातात्विक स्थल एवं भग्नावशेषहरूको विवरण क्रमशः प्रकासमा ल्याइनेछ ।

३) पुरातत्विक स्थल एवं भग्नावशेषहरूको उचित सुरक्षा र संरक्षणको व्यवस्था स्थानीय थारु समूदायको सहभागिता समेत जुटाइ मिलाइनेछ ।

४) पुरातात्विक स्थल एवं भग्नावशेपहरू मध्ये तिनीहरूको महत्व एवं सम्भावित उपलब्धीलाई दृष्टिगत गरी उत्खननका लागि प्राथमिकताक्रम निर्धारण गरिनेछ ।

५) निर्धारित प्राथमिकताक्रम अनुरूपका पुरातात्विक स्थलहरूको विस्तृत पुरातात्विक उत्खनन् र अध्ययन गरी राष्ट्रिय इतिहासको निर्माणमा सघाईनेछ ।

६) उत्खननवाट प्राप्त सम्पदाहरूको उचित संरक्षण र व्यवस्थापन गरी दर्शकहरूलाई अवलोकनको अवसर उपलब्ध गराएर पर्यटन व्यवसायलाई टेवा पुऱ्याइनेछ ।

७) पुरातात्विक उत्खनन्वाट प्राप्त भएका चलायमान सांस्कृतिक सामग्रीहरूको अध्ययन र प्रकाशन पछि उपयुक्त संग्रहालयहरूमा प्रदर्शन गर्ने वा सुरक्षित राख्ने व्यवस्था मिलाइनेछ ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

८) गाँउपालिका परिधि भित्र रहेका अर्धसरकारी, गैरसरकारी संघ संस्था एवं व्यक्ति वा समूदायको संग्रहमा रहेका, पुरातात्विक वस्तुको परिभाषाभित्र पर्ने चलायमान सांस्कृतिक सम्पदाहरूको सूचीकरण गरिनेछ

९) सूचीकृत चलायमान सम्पदाका स्वामित्ववाला वा धनी संघ, संस्था, व्यक्ति वा समूदायले संग्रहालय मार्फत प्रदर्शनी गर्ने।

**१३. प्राचीन स्मारक संरक्षण**

१) प्राचीन स्मारक एवं स्मारक क्षेत्रहरूको पालिकाव्यापी सर्वेक्षण र अध्ययन गरी तिनीहरूको वर्गीकरण गरिनेछ र यस्तो कामलाई समय समयमा अध्यावधिक गर्ने गराउने ।

२) प्राचीन स्मारक एवं स्मारक क्षेत्रहरूको स्वामित्व पहिचान गर्ने ।

३) स्वामित्व र वर्गीकृत श्रेणीका आधारमा संरक्षण र व्यवस्थापन कार्यका लागि जिम्मेवार निकाय, समूदाय वा व्यक्तिको पहिचान गर्ने ।

४) प्राचीन स्मारकहरूको संरक्षण र व्यवस्थापन कार्यमा सरोकारवाला जनसमूदायको भूमिका र सहभागिता बढाउने कार्य गर्ने ।

५) प्राचीन स्मारकहरूलाई सदुपयोग गर्ने, व्यवस्थित रूपमा दर्शकलाई अवलोकन गराउने जस्ता कामहरू गरी पर्यटन उद्योगलाई टेवा पुऱ्याउने ।

६) सांस्कृतिक सम्पदाहरूको संरक्षण र व्यवस्थापन कार्यमा स्थानीय निकाय एवं थारु समूदायलाई जिम्मेवार तुल्याउँदै लैजाने जस्ता कार्यगर्ने ।

७) प्राचीन स्मारक संरक्षण सम्बनधी अनुसुचि७बमोजिम हुने छ ।

**१४ ऐतिहासिक वातावरण संरक्षण**

१)थारु सांस्कृतिक सम्पदा तथा सम्पदास्थलहरूको संरक्षण एवं व्यवस्थापन कार्य गर्दा त्यस्ता सम्पदा वा सम्पदास्थलको ऐतिहासिक स्वरूप, मौसम, जीवजन्तु र वनस्पति आदि कुराहरू सहित मौलिक एवं ऐतिहासिक वातावरणको खोज र अध्ययन गर्ने गराउने ।

२) स्मारक वा स्मारकक्षेत्रको संरक्षण योजनामावातावरणीय संरक्षण सम्वन्धी पक्षलाई पनि समावेश गरिनेछ ।

**१५. प्रचार-प्रसार**

१) स्थानिय थारु संस्कृतिका विभिन्न विधाका महत्वपूर्ण पक्षलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संचार माध्यमवाट प्रचार प्रसार गर्ने गराउने ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

२) पालिकाका रहेका थारु सांस्कृतिक महत्वकासम्पदाहरू बारे विभिन्न तहका शैक्षिक पाठ्यक्रमहरूमा समावेश गरी पठन पाठनको व्यवस्था मिलाउने ।

३) थारु जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रमहरू गर्ने, टेलिफिल्म, भिडियोहरू बनाउने, विद्यालय एवं समूदायहरूमा प्रदर्शन गर्ने कार्यक्रमहरू संचालन गर्ने गराउने ।

**१६. पुरस्कार तथा सम्मान**

१)थारु समुदायको इतिहास, पुरातत्व, साहित्य र संस्कृतिका विधामा अनुसन्धान, संरक्षण, व्यवस्थापन लगायत सिर्जनात्मक कार्यमा योगदान पुऱ्याउने संघ-संस्था, व्यक्ति, एवं निकायहरुको पहिचान गरी उचित पुरस्कार र सम्मानको व्यवस्था गर्ने ।

२) थारु साहित्य र संस्कृतिको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याउने प्रतिभाहरूलाई जीवितसम्पदाका रूपमा सम्मान गर्ने, त्यस्ता व्यक्ति तथा निकायको नाममा स्मृति, शैक्षिक तथा सांस्कृतिक प्रतिष्ठानहरू संचालन गरी प्रोत्साहित गरिनुका साथै स्थाायत्व प्रदान गर्ने गराउने ।

## परिच्छेद ४

**१७. व्यवस्थापन समितिको गठन तथा छनौट प्रक्रिया**

१ यस ऐनमा रहेका व्यवस्थालाई संचालन तथा कार्यान्वयनका लागि२१ सदस्यीय एक व्यवस्थापन समितिको रहने छ ।

२ व्यवस्थापन समितिमा देहाय बमोजिमको क्षेत्रवाट प्रतिनिधित्व हुने छ।

| | | |
|---|---|---|
| क) गाउँपालिकोको अध्यक्षवाउपाध्यक्ष | संयोजक | १ जना |
| ख) सम्वन्धित वडाका वडाध्यक्षहरु | सदस्य | ९ जना |
| ग) वरघर/भलमन्साहरुबाट १ महिला सहित | सदस्य | २ जना |
| घ) थारु सांस्कृति पर्यटनमा योगदान पुऱ्याएका व्यक्ति, विज्ञ तथा जानकारवाट एक महिला सहित | सदस्य | ३ जना |
| ङ) युवावाट १ महिला सहित | सदस्य | २ जना |
| च) कैलारी उद्योग वाणिज्य संघवाट | सदस्य | १ जना |
| छ) थारु कल्याणकारीणी सभावाट १ महिला सहित | सदस्य | २ जना |
| ज) सम्वन्धित शाखा प्रमुख सदस्य सचिव | सदस्य | १ जना |



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

**१८. व्यवस्थापन समितिका पदाधिकारीहरुको छनौट प्रक्रिया देहाय बमोमि हुने छ ।**

क) आवधिक निर्वाचनको आधारमा स्थानिय निर्वाचनबाट निर्वाचित भएका अध्यक्ष,उपाध्यक्ष मध्ये एकजना संयोजक हुने छ ।

ख) आवधिक निर्वाचनको आधारमा स्थानिय निर्वाचनवाट निर्वाचित भएका सम्वन्धित वडाध्यक्षहरु सदस्य हुने छन् ।

ग) गाउँपालिका स्तरिय भलमन्सा समितिको वैठकवाट निर्णयका आधारमाछनौट भई आएका प्रतिनिधि सदस्य रहने छन् ।

घ) स्थानिय थारु विज्ञ तथा जानकारहरुबाट छनौट भई आएका प्रतिनिधि सदस्य हुने छन् ।

ङ)) स्थानिय थारुसमुदायबाट छनौट भई आएका यूवा प्रतिनिधि सदस्य हुने छन् ।

च) कैलारी उद्योग बाणिज्यसंघबाट सिफारीस भई आएको प्रतिनिधि सदस्य हुने छन् ।

छ) गाँउपालिका स्तरिय थारु कल्याणकारिणी सभाको बैठकवाट निर्णय भई छनौट भएका प्रतिनिधि सदस्य हुने छन ।

ज) गाँउपालिकाको सम्वन्धित शाखा प्रमुख एवं प्रतिनिधि स्वतः पदेन सदस्य सचिव रहने छन् ।

**१९ व्यवस्थापन समितिको बैठक सम्वन्धि व्यवस्था**

१) यस व्यवस्थापन समितिको बैठक प्रत्येक ४/४ महिनामा हुने छ र बैठकको गणपुरक संख्या ५१ प्रतिशत संख्यलाई लाई मानिने छ ।

२) नियमित वैठक बाहेक आवश्यकता अनुसार संयोजकले वैठक डाकेको वेला पनि वैठक वस्ने छ ।

३) वैठकवाट भएको निर्णयहरुको प्रमाणिकरण संयोजक र सदस्य सचिववाट गरिने छ ।

४) कुनै कारणले व्यवस्थापन समितिको पद रिक्तहुन गएमा सम्वन्धि क्षेत्रबाटै प्रक्रियागत रुपमा छनोट गरि परिपूर्ति गरिने छ ।

**२० व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

१) थारु सास्कृति तथा पर्यटकीय क्षेत्रहरुको विकासको लागि आवश्यक पर्ने नीति योजना तथा गुरु योजना निर्माण संशोधन तथा कार्यान्वयन गर्ने ।

२) थारु समुदायको पहिचान, भूमि,भाषा, संस्कृति, इतिहास सम्पदाको संरक्षण र प्रवर्द्धनको सुनिश्चितामा उनीहरुको सहभागितारविकासमा सम्वद्ध हुने छ ।

३) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकासलाई विशेप प्राथमिता राखी आवश्यक व्यवस्था मिलाउने ।

४)सांस्कृतिक पर्यटकीय क्षेत्र विकास र संरक्षणमा असर पार्ने गैर कानूनी कार्यलाई निषेध गर्ने र गराउने छ ।

५) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रकोमहत्व राख्ने आवश्यक सूचना, बाटो, नक्सा र अन्य कुराको जानकारी सूचना वोर्ड मार्फत गराउने छ ।

६) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरुको संरक्षण, प्रवर्द्धन एवम नियन्त्रण र व्यवस्थापन गर्ने छ र आवश्यक वजेटको तर्जुमा गर्ने अनुमोदन गराउने ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

७) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरुबाट संकलन भएका आम्दानीहरुको व्यवस्थापन र नियमन समितिले गर्ने छ ।

८) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रसंग आएका विवादहरुको व्यवस्थापन तथा निरुपण गर्ने।

९) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रलाई आवश्यक पर्ने विज्ञ तथा दक्ष मानव श्रोत मार्फत खोज अनुसन्धान गरी प्रवर्द्धन गर्ने कार्य गर्ने ।

१०) कारबाहीको सम्वन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्य टोलीको काम,कर्तब्य तथा अधिकार तोक्ने,

११) स्थानिय सांस्कृतिक तथा पर्यटनलाई राष्ट्रियपर्यटनसंग जोड्नका लागि आवश्यक व्यवस्था गर्ने छ ।

१२) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको लागि काम कारवाही अगाडी वढाउनका लागि आवश्यक संयन्त्रको व्यववस्था गर्ने र संयन्त्रबाट गरे भएका कार्यहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने आदि ।

## परिच्छेद ५

## थारु सांस्कृतिक पर्यटकीय क्षेत्रबाट संकलित भएका शुल्क तथा राजस्व बाँडफाँड

### २१. पर्यटन शुल्क

१) प्रर्यटन क्षेत्रमा होमस्टे, महोत्सव तथा सांस्कृतिक कार्यक्रमका लागि शुल्क तोकिने छ ।

२) शुल्कको दर गाउँपालिका र यस ऐनको व्यवस्थापन समितिको संयुक्त निर्णय वमोजिम हुनेछ

### २२ राजस्व बाँडफाँड

क) संकलन भएको कुल रकमको ५० प्रतिशत सम्वन्धित थारु समुदायको सांस्कृतिक विकासमा

ख) ३० प्रतिशत रकम सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण तथा प्रवर्द्धनमा

ग) २० प्रतिशत गाउँपालिको कोपमा रहने छ ।

घ) उल्लेखित राजस्व तथा रकमको वाँडफाँड र नियन्त्रण व्यवस्थापन समितिको हुने छ ।

## परिच्छेद ७

## दण्ड जरिवाना कानूनी सजाय

### २३. दण्डजरिवाना

१) यस ऐन विपरीत कार्य गरेमा रु ५,००० देखी ५०,००० सम्म जरीवाना हुन सक्ने छ ।

२) कुनै पनि सांस्कृति सम्पदाको नष्ट गरेमा वा हुने कार्य गरेमा क्षतिपूर्ति सहित थप कानूनी कारवाही प्रचलित कानून वमोजिम हुनेछ ।



राज समभ्र चौधरी
गा.पा. अध्यक्ष

## परिच्छेद ८
## विविध

**२४. विवाद समाधानः**

१) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रसंग सम्वन्धित कुनै विवाद उठेमा यसै ऐनको व्यवस्थापन समितिले विवाद निरुपण गर्ने छ।

२) विवाद समाधान गर्दा राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनको परिधिमा रही गर्नु पर्ने ।

**२५. नियम बनाउने अधिकार :**

१) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रसंग सम्वन्धित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीति नियम तथा कार्यविधिहरु बनाउनु परेमा यसै ऐनको व्यवस्थापन समितिको सिफारीसमा गाँउपालिकाललाई हुने छ ।

२) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रसंग सम्वन्धित कार्यक्रम कार्यान्वयनका सन्दर्भमा निर्मित नियम कानूनको परिधिमा रही गाउँपालिकले कार्यान्वन गर्ने छ ।

**२६.समन्वय र सहकार्य**

१) यस ऐन अनुसारको कार्य गर्न आवश्यक परेको वेलामा सरकारी तथा गैर सरकारी तथा संस्था तथा विज्ञहरुको समन्वय र सहकार्यमा आफ्नो कार्य संचालन गर्ने छ ।

२) राष्टिय सुरक्षा र राष्ट्रिय अखण्डतालाई ध्यानमा राखी सांस्कृतिक तथा पर्यटकीय क्षेत्रमा योगदान दिन सक्ने अन्तराष्ट्रिय निकायसंग समेत समन्वय गर्न सक्ने छ ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

## अनुसूचिहरु :

## अनुसूचि १

सांस्कृतिक पर्यटकीय क्षेत्रको क्षेत्रफल तथा चार किल्ला दफा .३ को (२). सग सम्बन्धित

क) क्षेत्रफल२३३.२७ वर्ग किलोमिटर

ख) चार किल्ला पूर्व : भजनी नगरपालिका र घोडाघोडी नगरपालिका ,पश्चिम : धनगढी उपमहानगरपालिका, उत्तर : गौरीगंगा नगरपालिका , दक्षिण : भारतको उत्तर प्रदेश ।

## अनुसूचि २

**तालतलैया तथा धार्मिकस्थल व्यवस्थापन दफा ६ संग सम्वन्धित**

**क) गाँउपालिकामा रहेका मुख्य मुख्य तालपोखरीहरु:**पुरैना टलुवा, कोइलहुवा कोइलही टलुवा,जमनेहटाटलुवा, लट्ठहुवा/पहला टलुवा, रखौना टलुवा, डुवरी टलुवा, सोनिया टलुवा, लेरकुटहुवा टलुवा, सुनहरा टलुवा ।

**ख) जहाँ सामुहिक पुजा हुन्छ । यसका अलावा पालिकामा निम्न अनुसारका प्रचलित मन्दिरहरु छन् :** रौरा वावा, वनदेवी,अपरम्पार तपस्वी बाबा,करमदेव,कालीमाई,लक्कर बाबा ।

## अनुसूचि ३

थारु समुदायका रितिरिवाज र चाडपर्व दफा ७ संग सम्वन्धित

**भोज (विवाह) परम्परा :** ठोकौनी (पक्कापोर्ही) भोज (विवाह)नेन्ढहर/नेन्हर, विवाहकोमहिना फागुन,विवाह प्रक्रिया : सोमवार चामल (सगुनको रुपमा दुलही घर पठाइने), मंगलवार बरात जाने, बुधवार दुलही भित्र्याउने,

**मृत्यु संस्कार :** मान्छे मर्दा जमिनमा गाड्ने चलन थारुहरुको खास चलन हो । तर अहिले गाड्ने र जलाउने दुइटै चलन अपनाइरहेका छन् । महिला मरेको नवौं दिनमा र पुरुष मरेको दशौं दिनमा अन्तिम काजकिरिया हुने गर्दछ । काजकिरिया सम्पन्न नहुँदासम्म बेसार र तेल वार्ने गर्दछन् ।

**सामुहिक पूजा :** डिलवन्ढन, निकासी, ढुरिया, हरेरी, लवाँगी

**चाडपर्व/त्यौहार :**माघ,ढुरहेरी, चिरैं/चराई, भजहर गुरिया, डेवारी, अष्टिम्की,, अटवारी, अनत्ता दशिया

**धान खेतीसँग सम्वन्धित पर्व :**मूठ लेहाई, हरडहुवा,औली,पेंडिया, घरछउनी



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

## अनुसूचि ४

## (परम्परमगत लोक कला ) दफा ९ संग सम्वन्धित

क) यस पालिका परिसरमा थारु समुदायको निम्न लोक कथा रहेका छन्
१ हितुवाको कथा, सोन चिरीया रानी, आदि ।

## अनुसूचि ५

## प्रदर्शनकला दफा १० संग सम्वन्धित

**गीतबाँस :** झुम्रा गीत (अधरिया, भिनसर्या, दिनउठुवा, दिननचुवा) सखिया गीत , बर्कीमार गीत, सिङरु/सिङरो गीत, धमार,मागर,सजना, मैना, अप्टिम्की,. वर्का बल्हा, हिरोल्ना, झर्रा गीत ।

**बाजागाजा :**थारु समुदायमा निम्न अनुसारका बाजाहरु चलनचल्तीमा रहेका छन् : मन्डरा (मादल), मजिरा, डफ/डफला, बसिया (बाँसुरी),झाल कस्टार,घुङना, घुङरु, ढोल, डमरु, टमौरा ।

**पहिरन : थारु समुदायमा पुरुषहरु निम्न अनुसारका पहिरन लगाउँछन् :** झुलुवा (सर्ट) (हाप, फुल), सडरी, चडरी, सादा टोपी, धोती, अँगौछा, लङ्गौता, कछार, भेगुवा, खराउ, लटरा, चप्पल ,पौवा,

**महिलाहरु निम्न अनुसारका कपडा लाउँछन् :** लेहेङ्गा, गोनिया, चोलिया, अँगिया, विलोज, पेटीकोट,लुंगी

**गहनाहरु :**माँगिया, सुटिया, बीर, झिलमिलिया, टर्की, झुम्का, लुर्की, कनौसी, कन्सेहरी, टौंक, नठिया, नठुनी, टिक, ठोसिया, कुकुमन्का, लौलखहार, फेंफी, बुलाका, बाँका, बिजाइट, टरिया, कंगना, बाला, लेगरही, पछेला, मुन्डरी, कारा, विछिया, पायल, चुरुवा, लाखेक चुरिया, पैंरी, पाइजेब ।

**हस्तकला : पुरुषले बनाउने** खटिया, मचिया, सतरंग गोन्द्री, जाल, सेउखा, पखै, टापी, हेल्का, डिलिया, लर्हिया, लहरु, हर, जुवा, हेंगा, किलवाही, सरावन, लट्ठी, पैना, चप्का, डेंगा, बेर्री, पिर्का, खर्रा, अहरी (अर्री), डोसिया, ढर्हिया, बरेरुवा, पहाउ, सुप्पा, छटरी, डेला, छिटुवा, बेन्ठी, खैंचा, बहिंगा, सुइला, सिकहर, टिकठी, ढेंकी,डंर्गुनिया,

**महिलाले बनाउने** भौका, भौकी, डेलुवा, ढकिया, ढकली, नुइया, पनछोप्ना, पनछोप्नी, नोनढैनी, बिंरा, सिरहट्टा, डेहरी, कुठली, जबरा, अँरुवा, लैया,चुल्हा,चुल्ही, औकन्हा (भँकरी सोढैना) नोनडेहनी

राज समझ चौधरी
गा.पा. अध्यक्ष

## अनुसूचि ६

**अभिलेख संरक्षण दफा ११संग सम्वन्धित**

| क्र.स. | तालतलैया तथा धार्मिक स्थल, मठमन्दिर | ठेगाना | स्थापना | धार्मिक संरचना | क्षेत्रफल | जग्गा धनी पूर्जा | हालको अवस्था | धार्मिक साँस्कृतिक महत्व | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूचि ७

थारु सांस्कृतिक विविध विधामा अनुसन्धान, संरक्षण, व्यवस्थापन एवं सांस्कृति तथा सिर्जनात्मक कार्यमा योगदान पुऱ्याउने संघ-संस्था, व्यक्ति एवं निकायरूको पहिचान(दफा १३ संग सम्वन्धित)

| क्र.स. | नाम,थर | ठेगाना | कला | बध्यवादनप्रकृति | गायन प्रकृति | पौराणिक नाच | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**********

राज समझ चौधरी
गा.पा. अध्यक्ष